

# प्रोलिन्नोभा नेपाल खबर-पत्रिका

अङ्क ३, साउन २०६६

## सम्पादकीय

स्थानीय अन्वेषण प्रबर्धन कार्यक्रम (प्रोलिन्नोभा नेपाल प्रोग्राम) खबर-पत्रिकाको तेस्रो अङ्क प्रकाशन गर्न पाउँदा हामी निकै उत्साहित भएका छौं । यसअघि प्रकाशित अङ्क एक र दुईबाट यहाँहरूले दिनु भएको सुझावका आधारमा हामीले यस अङ्कमा धेरै समाग्रीहरू समेट्ने प्रयास गरेका छौं । विभिन्न व्यस्तताका कारण यो अङ्क निकाल्न ढिलो भएकोमा हामी क्षमा चाहन्छौं । अङ्क दुईको प्रकाशनपश्चात् स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रममा धेरै कामहरू भएका छन् । जसमध्ये केही कामको यस खबर-पत्रिकामा जानकारी दिने जमर्को गरेका छौं ।

विशेष गरी वर्षको सुरुवातमा वि. सं. २०६६ वैशाख १९ देखि २१ गतेसम्म काठमाडौंको राष्ट्रिय सभागृहमा सम्पन्न भएको प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेलालाई यस खबर पत्रिकामा समेट्ने प्रयास गरेका छौं । स्थानीय अन्वेषण तथा अन्वेषकहरूलाई बढी मर्यादित बनाउँदै औपचारिक रूपमा वैधानिकता प्रदान गर्दै राष्ट्रले अधिकभन्दा अधिक उपलब्धि प्राप्त गर्न सकोस् भन्ने उद्देश्य राखी मुलुकभर छरिएर रहेका र पहिचानमा आइनसकेका स्थानीय स्तरमै सृजित प्रविधि तथा प्रक्रियागत अन्वेषणहरूलाई एकै थलोमा ल्याई तिनीहरुको प्रवर्द्धन र प्रचारप्रसार गर्नाका लागि यस कार्यमा आबद्ध सङ्घसंस्थाहरूको संयुक्त प्रयासमा नेपालमै पहिलोपटक प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेलाको आयोजना भएको हो । उक्त मेलामा उत्कृष्ट अन्वेषकलाई पुरस्कार प्रदान गर्ने परम्पराको थालनी गरिएको र यसलाई चिरकालसम्म निरन्तरता दिनको लागि आवश्यक पूर्वसंयोजन कार्यको थालनी भैसकेको जानकारी गराउन पाउँदा हामीमा थप हौसला प्राप्त भएको छ ।

## अन्तरदेशीय भ्रमण : क्याम्बोडिया

वि. सं. २०६३ साल चैतको दोस्रो हप्तामा 'चौथो अन्तरराष्ट्रिय प्रोलिन्नोभा साझेदार राष्ट्रहरूको सम्मेलन' सेनेगलमा सम्पन्न भयो । २० राष्ट्रका ४० जना सहभागीहरू उपस्थित सो सम्मेलनमा स्थानीय अन्वेषण पहिचान र प्रवर्द्धन गर्दा भोग्नुपरेका आ-आफ्ना अनुभवहरू साटासाट गरिएका थिए । प्रोलिन्नोभा साझेदार राष्ट्रहरूकाबीच अन्तरदेशीय भ्रमण आयोजना गर्नु नै यस सम्मेलनको एक उपलव्धी थियो । यस्ता अन्तरदेशीय भ्रमणको मुख्य उद्देश्य एकअर्को देशबीच विचार आदानप्रदान गर्ने तथा एकअर्काको अनुभवबाट सिक्न प्रेरित गर्नु थियो । सोही अन्तर्गत प्रोलिन्नोभा नेपाल प्रोग्रामले पनि वि. सं. २०६५ साल भदौ २२ गतेदेखि २९ गतेसम्म क्याम्बोडियामा अन्तरदेशीय भ्रमण गर्ने मौका पाएको थियो । सो भ्रमणमा प्रोलिन्नोभा नेपाल कार्यक्रमका साझेदार संस्थाका प्रतिनिधिहरू, प्रोलिन्नोभा नेपाल कार्यक्रमका कार्यक्रम संयोजक र अन्वेषक कृषक गरेर जम्मा ८ जनाको टोली रहेको थियो । त्यहाँका कृषकहरूमा प्रचलित र उपयोगी अन्वेषणहरू र प्रयासहरूको बारेमा स्थानीय अन्वेषण र सहभागितामूलक अन्वेषण विकासलाई विश्वविद्यालयस्तरमा र विभिन्न तालीममा समावेशीकरणको प्रक्रिया तथा त्यहाँको क्षेत्रीय कृषि कार्यालयको स्थानीय अन्वेषणप्रतिको धारणा र उनीहरूले चालेको पहलहरूका बारेमा जानकारी प्राप्त हुनु यस भ्रमणको मुख्य उपलव्धी रह्यो ।

# सहभागितामूलक अन्वेषण विकास तालीम

स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमले हरेक वर्ष सहभागितामूलक अन्वेषण विकाससम्बन्धि तालीम सञ्चालन गर्दै आएको छ । २०६५ साल साउन ६ र ७ गते प्रोलिन्नोभा नेपाल प्रोग्राम, ली–बर्डले राष्ट्रिय मकै बाली अनुसन्धान केन्द्र, रामपुर चितवनमा दुई दिने सहभागितामूलक अन्वेषण विकास तालीम सञ्चालन गरेको थियो । तालीममा ली–बर्डका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म रहेका विभिन्न परियोजनामा संलग्न समुदायिक परिचालकहरूको सहभागिता रहेको थियो । २० जना (७ महिला र १३ पुरुष) सहभागीहरू रहेका उक्त तालीमको मुख्य उद्देश्य, उनीहरूको कार्य क्षेत्रमा अन्वेषणको पहिचान र अभिलेखीकरण गर्न सक्षम बनाउन सहभागितामूलक अन्वेषण विकास र अन्वेषणको अभिलेखीकरणको बारेमा जानकारी दिनु थियो ।

स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम ली–बर्डका सुमन मानन्धर, पर्यावरणीय सेवा केन्द्रका बसन्त रानाभाट र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका डा. धर्मराज डंगोलले स्रोत व्यक्तिका रूपमा तालीम सञ्चालन गरेका थिए । सहभागितामूलक रूपमा सञ्चालित यस तालीममा स्थलगत भ्रमणको कार्यक्रमले सहभागीहरूलाई यस कार्यक्रमको औचित्य बुझाउन थप सहयोग पुऱ्याएको थियो । सहभागीहरूलाई स्थलगत भ्रमणका लागि अन्वेषकद्वय रोमन न्यौपाने र चन्द्रप्रसाद अधिकारीको घरमा लगिएको थियो ।

त्यस्तै, पर्यावरणीय सेवा केन्द्र चितवनको व्यवस्थापनमा प्रोलिन्नोभा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूको सहआयोजनामा २०६५ साल मंसिर २ गते देखि ६ गतेसम्म नवलपरासी जिल्लाको गैंडाकोटमा सहभागितामूलक अन्वेषण विकास तालीम सम्पन्न भयो । सहभागीहरूलाई अन्वेषण, सहभागितामूलक अन्वेषण विकास, अन्वेषण अभिलेखीकरण गर्ने तरीका बारेमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिने उद्देश्यले सञ्चालन गरिएको यस तालीममा सरकारीलगायत गैरसरकारी संस्थाहरूका १८ (१२ पुरुष र ६ महिला) जना सहभागीहरूले भाग लिएका थिए । उक्त तालीममा ली–वर्ड पोखरा, पर्यावरणीय सेवा केन्द्र चितवन, टुकी सङ्घ सुनकोशी सिन्धुपाल्चोक, फरवार्ड चितवन, जिल्ला कृषि विकास कार्यालय मुस्ताङ, जलवायु परिवर्तनका असर तथा प्रकोप व्यवस्थापन समूह कविलास चितवन, श्री बहु–उद्देश्यीय सामुदायिक विकास सहकारी संस्था लि. भुम्लिचोक गोरखा, सृजनशील सामुदायिक संस्था छिम्केश्वरी तनहूँ तथा प्रजा सहकारी संस्था लि. शक्तिखोर चितवनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उक्त तालीमका स्रोत व्यक्तिहरूमा वसन्त रानाभाट, सुमन शेखर मानन्धर, शरद राई, डा. धर्मराज डंगोल र अनुजा श्रेष्ठ थिए ।




सहभागीतामूलक अन्वेषण विकास तालीमका सहभागीहरू । *तस्विर : सुमन शे. मानन्धर*

# स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमको अन्तरराष्ट्रिय सुपरिवेक्षण भ्रमण तथा मूल्याङ्कन

नेदरल्याण्डस्थित ईटीसी फाउण्डेशन नामक गैरसरकारी संस्थाको संयोजकत्वमा स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम हाल विश्वका १८ वटा राष्ट्रहरूमा सञ्चालन भैरहेको छ । कार्यक्रमको अन्तरराष्ट्रियस्तरमै मूल्याङ्कन गर्ने क्रममा स्थलगत भ्रमण र अवलोकनका लागि नेपाल र युगाण्डा छानिएका थिए । सोही क्रममा अन्तरराष्ट्रिय मूल्याङ्कन टोलीका मार्टिन एडम्स र जयन्थी फर्नाण्डोले २०६५ साल असोज महिनामा करिव एक हप्ताका लागि नेपालको भ्रमण गर्नुभएको थियो । यस बाहेकका प्रोलिन्नोभा सञ्चालनमा रहेका देशहरूबाट इमेल तथा त्यहाँबाट प्रकाशित हुने रिपोर्टहरूको आधारमा उक्त समूहले एक प्रतिवेदन प्रकाशित गरेको थियो ।

उक्त समूहले नेपाल भ्रमणका क्रममा प्रोलिन्नोभा नेपाल कार्यक्रमका संयोजक संस्था ली–बर्ड तथा अन्य साझेदार संस्थाका प्रतिनिधिहरूसँग पनि भेटघाट गरेको थियो । यसै

गरी उक्त समूहले प्रोलिन्नोभा राष्ट्रिय स्टेरिङ्ग कमिटिका अध्यक्ष तत्कालीन कृषि विभागका महा–निर्देशक भरत उपाध्याय तथा नेपाल कृषि अनुसन्धान परिषद्का प्रतिनिधिहरूसँग पनि भेटघाट गरेको थियो । यो समूहले नेपालका विभिन्न अन्वेषकहरूलाई भेटेर यस कार्यक्रमका बारेमा उनीहरूको धारणा पनि बुझेको थियो । उक्त सुपरिवेक्षण समूहले नेपालको स्थानीय अन्वेषण कार्यक्रमको कार्यको निकै प्रसंसा गरेको थियो । यस कार्यक्रममा महिला अन्वेषकहरूको न्यून संलग्नता रहेकोले, कार्यक्रममा लैङ्गिक समानतालाई थप प्राथमिकता दिनुपर्नेमा वहाँहरूले जोड दिनु भएको थियो ।

## अन्वेषण स्रोतमा कृषकको पहुँच (FAIR) प्रारम्भिक गोष्ठी सम्पन्न

अन्वेषकहरूलाई स्थानीय अन्वेषण सहयोग कोषमार्फत आर्थिक सहयोग प्रदान गर्नका लागि रकफेलर फाउन्डेशनको आर्थिक सहयोगमा 'अन्वेषण स्रोतमा कृषकको पहुँच' नामक थप परियोजना आएको छ । यो परियोजनाको प्रमुख उद्देश्य अन्वेषणको स्रोत साधनमा कृषकको बढीभन्दा बढी पहुँच बढाउनु हो । परियोजनाको प्रारम्भिक गोष्ठी (Inception Workshop) प्रोलिन्नोभा नेपाल प्रोगामको संयोजक संस्था, ली–बर्डको अगुवाइमा पोखरास्थित होटल तुलसीमा, २०६५ फागुन ४ गतेदेखि ५ गतेसम्म भयो । नेपालका विभिन्न जिल्लाका सरकारी, गैरसरकारी तथा समूदायमा आधारित संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त गोष्ठीको स्वागत मन्तव्य ली–बर्डका कार्यक्रम निर्देशक तारालाल लामाले दिनुभएको थियो । उक्त गोष्ठीबाट यस 'अन्वेषण स्रोतमा कृषकको पहुँच' परियोजना सञ्चालन गर्ने विभिन्न १५ संस्थाका पहिचान गरियो ।



'अन्वेषण स्रोतमा कृषकको पहुँच' परियोजनाको प्रारम्भिक गोष्ठीमा धर्मराज डंगोलकासाथमा अन्य सहभागीहरु

*तस्विर : अनुजा श्रेष्ठ, ली–बर्ड*

**पूर्वाञ्चल विकास क्षेत्र :**

१) इलाम – नामसालिङ सामुदायिक विकास केन्द्र
२) सुनसरी – जिल्ला कृषि विकास कार्यालय
३) सिराहा – सिर्जना क्लब

**मध्यमाञ्चल विकास क्षेत्र :**

१) धादिङ – जिल्ला कृषि विकास कार्यालय
२) सिन्धुपाल्चोक – टुकी सङ्घ सिन्धुपाल्चोक
३) चितवन – पर्यावरणीय सेवा केन्द्र (इकोसेन्टर)

**पश्चिमाञ्चल विकास क्षेत्र :**

१) पाल्पा – ली बर्ड
२) पर्वत – फेकोफन
३) मुस्ताङ – जिल्ला कृषि विकास कार्यालय

**मध्य पश्चिमाञ्चल विकास क्षेत्र :**

१) बर्दिया – जिल्ला कृषि विकास कार्यालय
२) जाजरकोट – फरवार्ड
३) हुम्ला – निड्स

**सूदुर पश्चिमाञ्चल विकास क्षेत्र :**

१) कैलाली – ली–बर्ड
२) आछाम – सिबेक नेपाल
३) डोटी – जिल्ला कृषि विकास कार्यालय

## दिगो भू-व्यवस्थापन - अन्तरराष्ट्रिय पाठ्यक्रम विकास कार्यशाला गोष्ठि

इन्भाइरनमेन्टल एलर्ट (Environmental Alert) को आयोजनामा यूगान्डाको मेकेरेले विश्वविद्यालयमा २०६५ साल फागुन २० गते देखि २८ गतेसम्म भएको 'दिगो भू–व्यवस्थापन (Sustainable Land management)' अन्तरराष्ट्रिय पाठ्यक्रम विकास कार्यशाला गोष्ठीमा प्रोलिन्नोभा नेपाल प्रोग्रामका एक साझेदार संस्था कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरका डा. धर्मराज डंगोलले भाग लिनु भएको थियो । उक्त कार्यशाला गोष्ठीमा डा. डंगोलले सहभागितामूलक पाठ्यक्रम विकास सम्बन्धि पाठ्यक्रमबारे प्रोलिन्नोभा नेपालको प्रगति प्रतिवेदन पेश गर्नु भएको थियो । उक्त कार्यशाला गोष्ठीले गठन गरेको प्रोलिन्नोभा पाठ्यक्रम विकास कार्य समूहको सदस्यमा डा. धर्मराज डंगोल पनि छानिनु भएको छ ।

# प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेला २०६६










१. प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेला २०६६, उद्घाटन समारोहका अतिथिहरू (बायाँबाट क्रमशः फुल्गेन प्रधान, रज्जु मल्ल-ढकाल, जयप्रकाश प्रसाद गुप्ता, शंकरप्रसाद पाण्डे , डा. प्रताप कुमार श्रेष्ठ) ।
दायाँ (माथिबाट तल) २. तत्कालीन कृषि तथा सहकारी मन्त्री जयप्रकाश प्रसाद गुप्ता दीप बाली कार्यक्रमको उद्घाटन गर्दै ।
३. मन्त्री गुप्ता स्थानीय अन्वेषक पुरुष तर्फका विजयीलाई पुरस्कारस्वरूप चेक हस्तान्तरण गर्दै ।
*तस्विरहरू : महेश श्रेष्ठ, ली-बर्ड*

देशभर छरिएर र लुकेर रहेका स्थानीय प्रविधि तथा अन्वेषणहरूबाट राष्ट्रले उपलब्धि प्राप्त गर्न सकोस् भन्ने उद्देश्यले प्रोलिन्नोभा नेपाल कार्यक्रममा आवद्ध सङ्घ–संस्थाहरूको संयुक्त प्रयासमा नेपालमै पहिलोपटक २०६६ साल वैशाख १९ गतेदेखि २१ गतेसम्म काठमाडौंस्थित राष्ट्रिय सभागृहमा 'प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेला' सफलताका साथ सम्पन्न भयो । ली–बर्डद्वारा आयोजित सो कार्यक्रममा कृषि विभाग, प्राक्टिकल एक्सन नेपाल, टुकी सङ्घ सुनकोशी, पर्यावरणीय सेवा केन्द्र र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरको सहयोग रहेको थियो । स्थानीय स्तरका अन्वेषणहरूलाई एकै थलामा ल्याई तिनको प्रवर्द्धन र प्रचारप्रसार गर्ने तथा अन्वेषण र अन्वेषकहरूलाई बढी मर्यादित बनाउँदै औपचारिकता र वैधानिकता प्रदान गर्ने उक्त मेलाको प्रमुख उद्देश्य रहेका थिए ।

राष्ट्रिय सभागृहको प्राङ्गणमा भएको यस मेलाको समुद्घाटन प्रमुख अतिथि तत्कालीन कृषि तथा सहकारी मन्त्री जयप्रकाश प्रसाद गुप्ताले गर्नुभएको थियो । स्थानीय अन्वेषणले नेपालको अर्थतन्त्रमा सकारात्मक परिवर्तन आउने र त्यस्ता स्थानीय र रैथाने उपकरण, प्रविधि तथा प्रक्रियाहरूको प्रयोगबाट २०% देखि ३०% उत्पादन बढ्ने प्रतिक्रिया मन्त्री गुप्ताले सो अवसरमा व्यक्त गर्नुभयो । कृषि विभागका फुल्गेन प्रधान, कृषि तथा सहकारी मन्त्रालयका सचिव शंकरप्रसाद पाण्डे, ली–बर्डका कार्यकारी निर्देशक रज्जु मल्ल–ढकाल तथा आयोजक समितिका अध्यक्ष ली–बर्डका प्राविधिक सल्लाहकार डा. प्रतापकुमार श्रेष्ठले पनि सो उद्घाटन समारोहमा सम्बोधन गर्नुभएको थियो । सम्बोधनका क्रममा नेपालका विभिन्न जिल्लाहरूबाट करीब २०० भन्दा बढी स्थानीय अन्वेषणहरूको अभिलेखीकरण गरिएको कुरा डा. प्रतापकुमार श्रेष्ठले जानकारी गराउनुभएको थियो । समारोहमा उत्कृष्ट एक पुरुष र एक महिला अन्वेषकलाई पुरस्कारस्वरूप नगद रु. २५,००० को चेक मन्त्री गुप्ताले प्रदान गर्नुभएको थियो । पुरस्कृत हुनेहरूमा जैविक तरीकाले माछापालन प्रविधिको विकास गरेवापत फूलबारी चितवनका अन्वेषक चन्द्रप्रसाद अधिकारी र शहरी प्राङ्गरिक खेतिप्रणालीको अन्वेषण गरेवापत महिला अन्वेषक भरतपुर चितवनकी तुलसी ज्ञवाली हुनुहुन्छ । देशभरिबाट बन्दको प्रभावलाई छल्दै आएका कृषकहरूका ५० वटा भन्दा बढी अन्वेषणहरू यस मेलामा प्रदर्शन गराइएका थिए । मेलाको अन्तिम दिन २०६६ जेठ २१ गते ली–बर्डकै सह–आयोजनामा सञ्चालन भएको इन्नोभेसन एसिया प्यासिफिक सिम्पोजियम (Innovation Asia-Pacific Symposium) का ८० अन्तरराष्ट्रिय सहभागीहरूले पनि यस मेलाको अवलोकन भ्रमण गरेर अन्वेषक कृषकहरूको हौसला बढाएका थिए ।

उक्त मेलाबाट यस प्रकारका उपलब्धिहरू हासिल भएका छन् :

- देशभरि छरिएर र लुकेर रहेका स्थानीय ज्ञान तथा अन्वेषणहरूको प्रवर्द्धन र प्रचारप्रसार भएको,
- कमजोर आर्थिक स्थिति तथा अन्य कारणले ओझेलमा परेका अन्वेषकहरूको अन्वेषण क्षमतालाई प्रकाशमा ल्याउन सहयोग पुगेको,
- स्थानीय अन्वेषकबीच अन्तरक्रिया र भेटघाट भई एक आपसमा ज्ञान तथा प्रविधि आदान प्रदान भएको,
- स्थानीय अन्वेषणहरूको राष्ट्रिय स्तरमा प्रचारप्रसारका लागि सरकारी, गैरसरकारी, नीजि तथा सञ्चार माध्यमसँग सम्पर्क बढेको,
- स्थानीय अन्वेषणको महत्त्वका बारेमा सरकारी र गैरसरकारी निकायलाई जानकारी गराइएको,
- अन्य नयाँ अन्वेषणमा थप अनुसन्धान गर्न स्थानीय अन्वेषण सहयोग कोषमार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने जानकारी प्रचार प्रसार भएको,
- हाल गैरसरकारी संस्थाको अगुवाइमा सुरु गरिएको स्थानीय अन्वेषण सहयोग कोषलाई नेपाल सरकारको मातहतमा रहने गरी एक राष्ट्रिय अन्वेषण कोषमा रूपान्तरण गर्नेतर्फ पहल भएको,
- उत्कृष्ट ठहरिएका अन्वेषकहरूलाई राष्ट्रिय अन्वेषण कोषबाट पुरस्कृत गर्ने परम्परालाई थालनी गरिएको ।



मेलामा राखिएको अन्वेषण चाख लिएर अवलोकन गर्दै युवाहरू ।
*तस्बिर : महेश श्रेष्ठ, ली-बर्ड*

## अन्वेषक कृषकहरूबीचको अन्तरक्रियात्मक कार्यक्रम

प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेलाको अवसर छोपी उक्त मेलाको दोस्रो दिन साँझ न्यूरोडको होटल रामेश्वरमा पर्यावरणीय सेवा केन्द्रद्वारा कृषकहरूबीच अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको थियो । यस अवसरमा नेपालका विभिन्न ठाउँबाट भेला भएका कृषकहरूले आ–आफ्ना मनका कुरा सबैका सामु ल्याउने र आफ्ना अनुभवहरू सुनाउने मौका पाएका थिए । यस्ता खाले स्थानीय अन्वेषण मेलाले निरन्तरता पाउनुपर्ने तथा कृषकहरूबीच समन्वय कायम गर्नका लागि एक समिति गठन गर्नुपर्ने कृषकहरूको विचार थियो ।

## इन्नोभेसन एसिया प्यासिफिक सिम्पोजियम

ली–बर्डको सहआयोजनामा २०६६ साल वैशाख २१ गतेदेखि २४ गतेसम्म काठमाडौंको नयाँ बानेश्वरस्थित होटल एभरेष्टमा इन्नोभेसन एसिया प्यासिफिक सिम्पोजियम (Innovation Asia-Pacific Symposium) को आयोजना गरिएको थियो । सो कार्यक्रमका अन्य आयोजकहरूमा सीयाट (CIAT), ईसीमोड (ICIMOD), प्रोलीन्नोभा (PROLINNOVA) तथा प्राक्टिकल एक्सन (PRACTICAL ACTION) रहेका थिए । यी संस्थाहरूका साथै आरआईयू (RIU) र डीफआईडी (DFID) ले पनि सो गोष्ठी आयोजना गर्नाका लागि आर्थिक सहयोग प्रदान गरेका थिए ।



सिम्पोजियममा आफ्नो मन्तव्य राख्दै, ली-बर्डका कार्यकारी निर्देशक रज्जु मल्ल-ढकाल ।
*तस्बिर : महेश श्रेष्ठ, ली-बर्ड*

सिम्पोजिएमको समुद्घाटन पेरुस्थित सिपका ज्याकलिन एश्बीले गर्नुभएको थियो । नेपाललगायत अन्य २५ वटा देशका ९० जना प्रतिनिधिहरूले भाग लिएको उक्त गोष्ठीमा एसिया प्रशान्तक्षेत्रबाट अन्वेषण र अन्वेषण–प्रणालीसम्बन्धी २२ वटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । सो गोष्ठीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमाथि जोड दिइएका कार्यपत्रहरूलाई विशेष प्राथमिकता दिइएको थियो । अनुसन्धानकर्ता, विकास निर्माणमा लागेका संस्थाहरू र अन्वेषकहरूलाई एकै थलामा ल्याई निर्वाहमुखी कृषि र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी भैइरहेका अन्वेषण प्रणालीमाथिका आ–आफ्ना विचार र अनुभव आदानप्रदान गर्नु नै यस गोष्ठीको मुख्य उद्देश्य रहेको थियो ।

## प्रोलिन्नोभाको प्रतिनिधि राष्ट्रहरूको अन्तरक्रियात्मक कार्यक्रम

अन्तरराष्ट्रियस्तरमा हरेक वर्ष हुने गरेको प्रोलिन्नोभा अन्तरराष्ट्रिय साझेदारहरूको बैठक यसपटक नेपालमा सम्पन्न भएको छ । २०६६ वैशाख २५ गते देखि ३० गतेसम्म पोखराको ड्यामसाइड स्थित होटल पोखरा ग्रान्डमा सो बैठक (International Partners' Meeting/ Workshop) सम्पन्न भएको हो । प्रोलिन्नोभा कार्यक्रमबाट सिकेका कुरा तथा अनुभवहरू एकै थलामा आएर साटासाट गर्न प्रत्येक वर्ष यस कार्यक्रममा लागेका राष्ट्रहरूका प्रतिनिधिहरू अन्तरक्रियात्मक कार्यक्रममा भेला हुने गर्दछन् । २०६३ सालमा क्याम्बोडिया, २०६४ सालमा सेनेगल र २०६५ सालमा घानामा यस्ता अन्तरराष्ट्रिय अन्तरक्रियात्मक कार्यक्रमहरू भएका थिए । यस वर्ष नेपालमा भएको यस अन्तरराष्ट्रिय गोष्ठीमा नेपाललगायतका क्याम्बोडिया,



प्रोलिन्नोभाको प्रतिनिधि राष्ट्रहरूको अन्तरक्रियात्मक कार्यक्रमका सहभागीहरू स्थलगत भ्रमणमा ।
*तस्विर : अनुजा श्रेष्ठ, ली–बर्ड*

नाइजर, सुडान, युगान्डा, तान्जानिया, साउथ अफ्रिका, केन्या, पेरु, फिलिपिन्स र मोजाम्बिक गरेर ११ वटा राष्ट्रका प्रतिनिधिहरूको सहभागिता थियो । यस कार्यक्रमको आयोजना प्रोलिन्नोभा नेपालको तर्फबाट ली–बर्डले गरेको थियो । सो कार्यक्रममा प्रोलिन्नोभा नेपालका साझेदार संस्थाहरू प्राक्टिकल एक्सन नेपाल, टुकी सङ्घ सुनकोशी, पर्यावरणीय सेवा केन्द्र र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको पनि सहभागिता थियो । गोष्ठीमा प्रोलिन्नोभा कार्यक्रमको वि. सं. २०६६ को योजना तर्जुमा गरिनुका साथै २०६७ मा प्रोलिन्नोभाका कार्यक्रमहरू कसरी अझै परिमार्जन गर्दै लैजाने भन्नेबारे विस्तृत छलफल गरिएको थियो । प्रोलिन्नोभाका हरेक गतिविधिमा कसरी लैङ्गिक समानता बढाउने, कार्यक्रमहरूको निरीक्षण र मूल्याङ्कन कसरी सहज बनाउने आदि विषयहरूमा छलफल बढी केन्द्रित रह्यो । सोही कार्यक्रमअन्तर्गत सहभागीहरूलाई तीन भागमा बाँडेर बेगनास सिमसार क्षेत्र व्यवस्थापन, प्रतिज्ञा सहकारी संस्था र स्थानीय कृषक सूर्य अधिकारीसँग मिलेर ली–बर्डको अगुवाइमा भैरहेको सहभागितमूलक बाली प्रजननको अवलोकनका लागि स्थलगत भ्रमण गराइएको थियो ।

## जिल्लास्तरीय "अन्वेषण स्रोतमा कृषकको पहुँच" गोष्ठी

जिल्लास्तरीय 'अन्वेषण स्रोतमा कृषकको पहुँच' गोष्ठी यही २०६६ साल ज्येष्ठ ११ गते र १२ गते सामुदायिक वन उपभोक्ता महासङ्घ म्याग्दीको आयोजना र सामुदायिक वन उपभोक्ता महासङ्घ पर्वत र ली–बर्डको सहयोगमा म्याग्दीको बेनीमा सम्पन्न भयो । उक्त गोष्ठीका उद्देश्यहरू स्थानीय स्तरमा लुकेर रहेका अन्वेषकहरूका प्रतिभालाई जागरुक गराउने, स्थानीय अन्वेषणसम्बन्धी अभिमुखीकरण गर्ने, स्थानीय अन्वेषणहरूको पहिचानका लागि वातावरण तयार गर्ने र स्थानीय अन्वेषण समिति गठन गर्ने थियो । यस गोष्ठीमा म्याग्दी जिल्लाका विभिन्न सङ्घ–संस्थाका २२ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उक्त गोष्ठीमा ७ जनाको जिल्लास्तरीय अन्वेषण सहयोग कोष व्यवस्थापन समिति गठन गरियो ।

# एक गोरु एक हलो प्रवर्द्धनका लागि जुम्ला भ्रमण

एउटा गोरुले जोत्ने हलोजुवाको प्रचारप्रसार तथा प्रवर्द्धनका लागि प्रोलिन्नोभा नेपाल कार्यक्रम, ली–बर्डका टोलीका साथमा कृषक अन्वेषक कृष्णबहादुर रेग्मीले २०६६ साल असार ४ गते देखि ८ गतेसम्म जुम्लाको भ्रमण गरेका थिए । सोही कार्यक्रम अन्तर्गत 'एक गोरु एक हलो निर्माण' सम्बन्धी असार ५ गते देखि ७ गतेसम्म तालीम आयोजना गरिएको थियो । ग्रामीण विकास समूहको प्रमुख आयोजनामा वर्ल्ड भिजन इन्टरनेशनल जुम्लाको सहयोग तथा ली–बर्डको प्राविधिक सहयोगमा यो तालीम सञ्चालन गरिएको थियो ।



कृषक अन्वेषक कृष्ण बहादुर रेग्मी जुम्लाका कृषकहरूलाई एक हले गोरु जोतेर देखाउँदै ।
*तस्विर : दिपा आचार्य, ली-बर्ड*

"कृषि कर्म गर्नलाई एक गोरु एक हलो, कृषि श्रम घटाउनलाई काम गर्छ ठूलो !" भन्ने नाराका साथ सो तालीमको सुरुवात गरिएको थियो । असार ५ गते नेपाल कृषि अनुसन्धान केन्द्र जुम्लाको प्रशिक्षण हलमा सो तालीमको उद्घाटन तथा अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा नेपाल कृषि अनुषन्धान केन्द्रका महेशलाल वैद्य, जिल्ला कृषि विकास कार्यालय जुम्लाका डिलाराम भण्डारी र जिल्ला विकास कार्यालयका डिल्लीराज पोखरेलको पनि उपस्थिति रहेको थियो । सोहि दिन, एउटा गोरुले जोत्ने हलोजुवाका अन्वेषक कृषक कृष्णबहादुर रेग्मी र जुम्लाका एक स्थानीय अगुवा कृषक पदमबहादुर महतका बीचमा अन्तरक्रियात्मक कार्यक्रम राखिएको थियो ।

तालीमको दोस्रो दिन, तालीम लिन आएका कृषकहरूलाई १०–१० जनाको दुई समूहमा विभाजन गरेर जुवा बनाउने प्रयोगात्मक तालीम दिई त्यहाँको स्थानीय गोरुमा यस प्रकारको जुवा प्रयोग गरेर पनि हेरिएको थियो ।

तालीमको तेस्रो दिन गोरुमा एकहले जुवा लगाएर स्थानीय कृषकले सफलतापूर्वक परीक्षण गरे । त्यसै दिन आयोजना गरिएको समापन कार्यक्रममा जुम्लाका कृषकहरूले त्यस तालीमबाट आफूहरूले अत्यन्तै उपयोगी ज्ञान हासिल गरेको कुरा व्यक्त गर्नुका साथै यसलाई व्यवहारमा उतार्ने प्रतिबद्धता पनि जाहेर गरे ।

## अन्वेषक चिनारी

### कृष्ण बहादुर रेग्मी : एक प्रतिभाशाली कृषक अन्वेषक



चलनचल्तीमा आएको दुईवटा गोरुले हलो जोत्ने चलनलाई नपछ्याएर तनहूँ जिल्ला, भीमाद गा.वि.स., वडा नं ३ भावरका कृष्णबहादुर रेग्मीले एउटा गोरुले मात्र जोत्ने हलोको अन्वेषण गरेका छन् । वर्षायाममा आफ्नो धानखेत बाढीले बगाएर बाँकी रहेका भिराला र साँगुरा बारीका पाटामा हलगोरुले जोत्न नमिलेपछि विकल्पको खोजीमा रहेका रेग्मीले २०६३ सालबाट एउटै मात्रै गोरुले जोत्ने हलोजुवाको विकास गरेका हुन् । एउटा गोरुले झन् बढी र सजिलै जोत्न सकिने तथा खर्च पनि कम लाग्ने उहाँको अनुभव छ । विशेष गरी पहाडी जिल्लाहरूमा बढी भिरालो जग्गा हुने भएकाले एउटा गोरुले जोत्ने हलोको धेरै उपयोगिता देखिन्छ ।

इच्छा र मिहिनेत गरे उपाय मिल्दछ भन्ने विश्वास राख्ने रेग्मी पहिलेदेखि नै नयाँ उपायहरू खोज्न उत्सुकता राख्दथे । उनको भनाइअनुसार उनले धेरै वर्ष पहिले गाउँमा पुल नबन्दै तुइन निर्माण गर्न पहल गर्दा गाउँलेले उनको कुरा पत्याएका थिएनन् । पछि उनले आफै पैसा जुटाएर तुइनको निर्माण गरेर देखाउँदा सारा गाउँले चकित परेका थिए रे । उनले एउटा गोरुले मात्र जोत्ने प्रयास गर्दा पनि त्यस्तै भएछ । यसपालि पनि उनले पहिलेको जस्तै हिम्मत नहारी आँटेको काम गरेरै छाडेछन् । उनी सबैलाई सहयोग गरौं भन्ने भावना राख्दछन् र एउटा गोरुले जोत्न सिक्न चाहनेलाई नि:शुल्क मद्दत गर्न तयार पनि छन् ।

**सम्पर्क ठेगाना :**

भावर-३, भीमाद, तनहूँ
मोबाइल नं.: ९८४६-०८३८८८

# तस्वीर खबर




























## माथिबाट तल क्रमशः

१) स्वागत छ ! - प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेलामा प्रमुख अतिथिका रूपमा आउनु भएका तत्कालीन कृषि तथा सहकारी मन्त्री जयप्रकाश प्रसाद गुप्तालाई स्वागत गर्दै, ली-बर्डका कार्यकारी निर्देशक रज्जु मल्ल-ढकाल र प्राविधिक सल्लाहकार डा. प्रतापकुमार श्रेष्ठ, साथमा स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम ली–बर्डका सुमन शेखर मानन्धर ।

२) यो मेरो अन्वेषण ! - मेलामा राखिएको रस निकाल्ने कोलको अवलोकन गर्दै मन्त्री गुप्ता ।

३) नमस्ते ! - इन्नोभेसन एसिया प्यासिफिक सिम्पोजियममा सम्बोधन गर्दै ईसिमोडका राष्ट्रिय निर्देशक एण्ड्रीएस स्किल्ड

४, ५ र ६ : स्थानीय अन्वेषक र उनीहरुका अन्वेषणहरु

## माथिबाट तल क्रमशः

७) बधाई छ ! - प्रथम राष्ट्रिय स्थानीय अन्वेषण मेलामा महिला तर्फबाट उत्कृष्ट हुनभएका तुलसी ज्ञवालीका प्रतिनिधी वहाँका छोरीलाई पुरस्कार स्वरूप चेक हस्तान्तरण गर्दै मन्त्री गुप्ता ।

८) यो ह्याङ्गिङ गार्डेन ! - मेलामा राखिएको अन्वेषण-ह्याङ्गिङ गार्डेन अवलोकन गर्दै ह्विल चेएरमा आएका एक दर्शक ।

९) सुन्दैछौं ! - इन्नोभेसन एसिया प्यासिफिक सिम्पोजियमका सहभागीहरू ।

*तस्विरहरू : क्रमशः (१), (२), (३), (६), (७), (८) र (९) महेश श्रेष्ठ, (४) गोविन्द श्रेष्ठ, (५) सन्तोष श्रेष्ठ*

**सम्पादन समूह**

सुमन शेखर मानन्धर
अनुजा श्रेष्ठ
धर्मराज डंगोल
दिपा आचार्य

डिजाइन : महेश श्रेष्ठ, सूचना तथा प्रकाशन शाखा, ली-बर्ड

**थप जानकारी तथा पत्राचारको लागि**

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)
पो.ब.नं. : ३२४, फोन नं.: ९७७-६१-५२६८३४, ५३५३५७
फ्याक्स : ९७७-६१-५३९९५६
इमेल : info@libird.org
वेभसाइट : www.libird.org, www.prolinnova.net